# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, सहायक स्तर, चौथो, सहायक 'ख' पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।०६।१७

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : सामान्य ज्ञान, गणित र कार्यालय व्यवस्थापन

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क"

**सामान्य ज्ञान** २०×२=४० अङ्क

१. प्रदेश नं. ६ मा पर्ने चार जिल्लाहरूको नाम लेख्नुहोस् ।
२. कुम्भकर्ण हिमश्रृङ्खला कुन अञ्चलमा पर्दछ ?
३. 'ILO 169' के सँग सम्बन्धित छ ?
४. मल्लकालमा 'स्थानीय शासक' लाई के भनिन्थ्यो ?
५. 'टप्पा' कुन प्रकृतिको नृत्य हो ?
६. 'त्रिपिटक' कुन धर्मसँग सम्बन्धित छ ?
७. नेपालको संविधान बमोजिम मूल्य अभिवृद्धि कर उठाउने अधिकार कुन तहको सरकारलाई रहेको छ ?
८. वर्तमान् नेपालको संविधान जारी हुँदा नेपालको प्रधानमन्त्री को थिए ?
९. चौधौं योजनाले बीमा तथा पूँजी बजार सम्बन्धी के कस्तो उद्देश्य लिएको छ ? उल्लेख गर्नुहोस् ।
१०. आ.व. ०७४/७५ को अन्त्यसम्म नेपालमा कुल जनसंख्याको कति प्रतिशतले बीमा गरेका थिए ?
११. थकालीहरूको चाड 'ल्हा फेवा' कति कति वर्षमा मनाउने गरिन्छ ?
१२. नेपालमा क्षेत्रीय विकासको अवधारणा कुन योजनाबाट शुरू भएको हो ?
१३. हाल स्थगित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को १९औं शिखर सम्मेलन कुन देशमा कहिले हुने तय भएको थियो ?
१४. ASEAN का सदस्य राष्ट्रहरू कति रहेका छन् ?
१५. बिम्स्टेकको चौथो शिखर सम्मेलन कहिले भएको हो ?
१६. सन् १९९५-२००४ सम्म संयुक्त राष्ट्रसंघले के दशकको रूपमा मनाउने घोषणा गरेको थियो ?
१७. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को प्रधान कार्यालय कहाँ छ ?
१८. अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अंगिकार गरेको संरक्षणवादी नीति (Protectionist Policy) का कारण मुख्य गरी कुन दुई देशबीच व्यापार युद्ध (Trade war) शुरू भएको छ ?
१९. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बनाउन लागेको धरहरा कति तलाको हुने गरी डिजाईन गरिएको छ ?
२०. Association of Insurers and Re-Insurance in Developing Countries (AIRDC) को बीसौं अन्तर्राष्ट्रिय सम्मेलन कुन देशमा भएको थियो ?

क्रमशः ...

CamScanner

## खण्ड "ख"

**गणित** ६×५=३० अङ्क

२१. रू. २,५०० को वार्षिक ५% ब्याजदरमा ३ वर्षपछि चक्रिय ब्याज कति हुन्छ ? पत्ता लगाउनुहोस् । ५

२२. एउटा कार्यालयमा कार्यरत सबै कर्मचारीहरूको औसत तलब रू. १०,००० प्रति महिना छ । राजपत्रांकित तहमा कार्यरत कर्मचारीहरूको औसत तलब रू. २०,८०० र राजपत्र अनंकित तहमा कार्यरत कर्मचारीहरूको औसत तलब रू. ८,००० छ । राजपत्रांकित तहमा १५ जना कर्मचारी छन् भने राजपत्र अनंकित तहमा कार्यरत कर्मचारीहरूको संख्या पत्ता लगाउनुहोस् । ५

२३. ३२ जना कामदारले दैनिक ६ घण्टा काम गर्दा कुनै काम ३० दिनमा सिध्याउन सक्छन् । सोहि काम १६ जना कामदारले दैनिक ८ घण्टा काम गर्दा कति दिनमा सिध्याउन सक्छन् ? ५

२४. पसलेले रू. १,५०० मा ५० सामान ल्यायो । जसमा ४ वटा बिग्रेको रहेछ । बाँकीलाई प्रतिगोटा ३५ का दरले बेच्दा उसलाई कति प्रतिशत नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस् । ५

२५. एउटा २४० फिट लम्बाइ, १८० फिट चौडाइ भएको आयातकार खेतको बीचमा १६ फिट किनारा भएको एउटा बर्गाकार पोखरी छ भने पोखरीबाहेक खेतको क्षेत्रफल कति होला ? निकाल्नुहोस् । ५

२६. समानान्तरीय अनुक्रमको चौथो र चौधौं पद क्रमशः 36 र -4 भए कुन पदको मान 24 हुन्छ ? ५

## खण्ड "ग"

**कार्यालय व्यवस्थापन** ६×५=३० अङ्क

२७. फाईलिङ्ग (Filing) भनेको के हो ? राष्ट्रिय बीमा संस्थान जस्तो धेरै बीमा सदस्यहरू हुने संस्थाको निम्ति कुन फाईलिङ्ग विधि उपयुक्त हुन्छ ? लेख्नुहोस् । २+३=५

२८. परिपत्र (Circular) भन्नाले के बुझिन्छ ? कार्यालयमा परिपत्र किन प्रयोग गरिन्छ ? प्रष्ट पार्नुहोस् । २+३=५

२९. जनशक्ति व्यवस्थापन (Human Resource Management) भनेको के हो ? जनशक्ति व्यवस्थापनका कार्यहरू लेख्नुहोस् । ५

३०. लेखाका सामान्य सिद्धान्तहरू (General Principles of Accounting) उल्लेख गर्नुहोस् । ५

३१. गोश्वारा भौचर (Journal Voucher) मा उल्लेख हुने कुराहरू नमूना (Specimen) सहित स्पष्ट गर्नुहोस् । ५

३२. "नागरिक बडापत्र (Citizen Charter) को प्रयोगले सुशासनमा सहयोग पुऱ्याउँछ" पुष्टि गर्नुहोस् । ५

:: समाप्त ::

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय बीमा संस्थान, सहायक स्तर, चौथो, सहायक 'ख' पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७५।०६।१८**

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : सेवा सम्बन्धी**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** — **६० अङ्क**

१. बीमा समिति कस्तो निकाय हो ? यसको गठन कसरी भएको छ ? उल्लेख गर्दै बीमा क्षेत्रमा यसको भूमिकाबारे स्पष्ट पार्नुहोस् । ३+३+४=१०

२. बीमा व्यवसायका मध्यस्थकर्ताहरूको बीमा व्यवसायमा कस्तो भूमिका हुन्छ ? उदाहरणसहित चर्चा गर्नुहोस् । १०

३. बीमाका सिद्धान्तहरूमध्ये 'Principle of utmost good faith' भनेको के हो ? उदाहरणसहित व्याख्या गर्नुहोस् । १०

४. Micro Insurance भनेको के हो ? यस प्रकारको बीमाको माध्यमबाट सर्वसाधारण र दुर्गम क्षेत्रसम्म के कसरी बीमा व्यवसायको विस्तार गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । ३+७=१०

५. पुनर्बीमा (Reinsurance) भन्नाले के बुझिन्छ ? नेपाली बीमा कम्पनीहरूले बीमा जोखिम स्थानान्तरण (Risk Transfer) का लागि कसरी कार्य गरिरहेका छन् ? सविस्तार लेख्नुहोस् । ४+६=१०

६. बीमा भनेको के हो ? नेपालमा बीमा व्यवसायको वर्तमान् अवस्था तथा यसले अर्थतन्त्रमा पुऱ्याएको योगदान (contribution) को बारेमा प्रकाश पार्नुहोस् । ३+७=१०

**खण्ड "ख"** — **४० अङ्क**

७. बीमा नियमावली, २०४९ अनुसार जीवन बीमा व्यवसाय र निर्जीवन बीमा (Non-life Insurance) व्यवसाय अन्तर्गत बीमकले कस्ता कस्ता व्यवसाय गर्न पाउँछ ? छोटकरीमा चर्चा गर्नुहोस् । १०

८. के कस्ता कसूर गरेमा भ्रष्टाचार (Corruption) गरेको मानिन्छ ? भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्थाका आधारमा उल्लेख गर्नुहोस् । १०

९. बीमकको सुशासन सम्बन्धी निर्देशिका अनुसार बीमा कम्पनीहरूको संगठन संरचना र गठन गर्नुपर्ने समितिहरूको बारेमा लेख्नुहोस् । ५+५=१०

१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय बीमा संस्थानले सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने विवरणहरूबारे उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::

CS CamScanner

## लोक सेवा आयोग

## राष्ट्रिय बीमा संस्थान, चौथो, सहायक "ख" पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।०९।२५

**KEY [A]**

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

### विषय : सामान्य ज्ञान, गणित, कार्यालय व्यवस्थापन र लेखा

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन । प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" : सामान्य ज्ञान

<u>वस्तुगत बहुउत्तर</u> २५×१=२५ अङ्क

१. लिच्छवीकालमा 'सामन्त' भन्नाले ........ लाई बुझिन्थ्यो ।

A) सेना नायक B) चौतारिया C) प्रशासक D) प्रहरी प्रमुख

२. निजामती कर्मचारीलाई निवृत्तभरण (Pension) दिने व्यवस्था कसको पालाबाट शुरू भएको हो ?

A) जुद्ध शम्शेर B) देव शम्शेर C) चन्द्र शम्शेर D) वीर शम्शेर

३. नेपालको कुन जिल्लामा सोडा पाइएको छ ?

A) मुस्ताङ B) सिन्धुपाल्चोक C) दोलखा D) सल्यान

४. राष्ट्रिय जनगणना, २०६८ अनुसार निम्न मध्ये कुन जातिको जनसंख्या जनगणना २०५८ को तुलनामा घटेको पाइयो ?

A) राई B) नेवार C) थारू D) मुसलमान

५. हतुवागढी दरबारको अवशेष नेपालको कुन जिल्लामा रहेको छ ?

A) कैलाली B) खोटाङ C) तनहुँ D) भोजपुर

६. नेपाल टेलिकमले नेपालमा चौथो पुस्ताको फोरजी (4G) सेवा कहिलेदेखि शुरू गरेको थियो ?

A) २०७२ पुस B) २०७३ पुस C) २०७४ पुस D) २०७५ पुस

७. नेपाललाई खुला दिसामुक्त घोषणा कहिले गरिएको हो ?

A) वि.सं. २०७६ साउन B) वि.सं. २०७६ भाद्र

C) वि.सं. २०७६ आश्विन D) वि.सं. २०७६ कात्तिक

८. सन् २०१८ मा रसियामा आयोजित विश्वकप फुटवल खेलको विजेता राष्ट्र कुन हो ?

A) रसिया B) ब्राजिल C) जर्मनी D) फ्रान्स

९. चिनियाँ सहयोगमा नेपाल-चीन मैत्री औद्योगिक पार्क तलका मध्ये कहाँ निर्माण गर्न लागिएको छ ?

A) मोरङ B) झापा C) ललितपुर D) चितवन

१०. पन्ध्रौं योजनाको आधारपत्र अनुसार पन्ध्रौं योजनाको अन्तसम्ममा प्रतिव्यक्ति कूल राष्ट्रिय आय कति अमेरिकी डलर पुर्याउने लक्ष्य रहेको छ ?

A) १०४७ B) ११९९ C) १३८५ D) १५९५

११. पन्ध्रौं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्यको सन्दर्भमा तलको कुन कुरा गलत छ ?

A) उच्च र दीगो उत्पादन तथा उत्पादकत्व - सुख

B) परिष्कृत तथा मर्यादित जीवन - सुख

C) उच्च र समतामूलक राष्ट्रिय आय - समृद्धि

D) सबल लोकतन्त्र - सुख

क्रमशः –

CamScanner

१२. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को हेडक्वाटर कहाँ रहेको छ ?

A) जर्मनी B) बेलायत C) स्वीट्जरल्याण्ड D) अमेरिका

१३. संयुक्त राष्ट्रसंघमा पहिलो उपमहासचिव (Deputy Secretary General) कुन देशका थिए ?

A) क्यानडा B) अमेरिका C) स्वेडेन D) नाइजेरिया

१४. मध्यम आय भएका विकासशील राष्ट्रहरूलाई ऋण दिने निकाय तलका मध्ये कुन हो ?

A) IBRD B) IDA C) ICSID D) IFC

१५. नेपालको वर्तमान संविधानले संघीय संसदको प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट कतिजना सदस्य निर्वाचित हुने व्यवस्था गरेको छ ?

A) १६५ B) ११० C) २७५ D) ११५

१६. नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकारको सूची कति अनुसूचीमा व्यवस्था छ ?

A) अनुसूची ९ B) अनुसूची ८ C) अनुसूची ७ D) अनुसूची ६

१७. विमस्टेक (BIMSTEC) स्थापना हुँदा शुरूमा कति सदस्य राष्ट्रहरू थिए ?

A) ४ B) ५ C) ७ D) ८

१८. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को तलका मध्ये कुन दुई सदस्य राष्ट्रले एकै वर्ष सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेका थिए ?

A) भारत र भुटान B) पाकिस्तान र बंगलादेश

C) नेपाल र श्रीलंका D) श्रीलंका र माल्दिभ्स्

१९. दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन (ASEAN) को घोषणापत्रमा हस्ताक्षर गर्ने संस्थापक सदस्य राष्ट्र तलका मध्ये कुन होइन ?

A) फिलिपिन्स B) ब्रुनाइ C) सिंगापुर D) मलेशिया

२०. वाणिज्य बैंकहरूले प्रवाह गर्ने कूल कर्जाको कति प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्था छ ?

A) १५ B) १२ C) ११ D) १०

२१. नेपालमा स्थापना र सञ्चालनमा रहेका क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्गमा लगानी गर्नुपर्ने रकम तलका मध्ये कुन हो ?

A) चुक्ता पूँजीको न्यूनतम ५ प्रतिशत B) अधिकृत पूँजीको न्यूनतम ५ प्रतिशत

C) कूल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत D) कूल बचतको न्यूनतम ५ प्रतिशत

२२. नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गका वाणिज्य बैंकहरूको संख्या नेपालमा हाल कति छ ?

A) २८ B) ३० C) ३१ D) ३२

२३. राष्ट्रिय बीमा संस्थानको स्थापना कहिले भएको हो ?

A) २०२५ पौष B) २०२४ मंसीर C) २०२४ पौष D) २०२५ माघ

२४. AIRDC को सदस्य राष्ट्र तलका मध्ये कुन होइन ?

A) नेपाल B) अफगानिस्तान C) माल्दिभ्स् D) श्रीलंका

२५. AIRDC को २२ औं सम्मेलन कहाँ हुने भएको छ ?

A) नाइजेरिया B) घाना C) माल्दिभ्स् D) जिम्बाबे



CamScanner

## खण्ड "ख" : गणित 	२५ अङ्क

१. कुनै काम A र B दुवैजना मिलेर १२ दिनमा गर्न सक्छन् । यदि A एक्लैले सो काम गर्दा १८ दिन लगाउँछ भने B एक्लैलाई सो काम गर्न कति दिन लाग्ला ? पत्ता लगाउनुहोस् । ५

२. कुनै निश्चित रकमको १० प्रतिशत वार्षिक व्याजका दरले २ वर्षमा चक्रिय व्याज रू. ४२० प्राप्त हुन्छ भने सोही रकमलाई त्यत्तिकै अवधिमा उत्ति नै व्याजदरबाट कति साधारण व्याज प्राप्त हुन्छ ? निकाल्नुहोस् । ५

३. १० प्रतिशत नोक्सानी सहेर विक्री गरेको वस्तुलाई रू. १५ बढीमा विक्री गर्न सकेको भए १५ प्रतिशत नाफा हुने थियो भने उक्त वस्तुको क्रयमूल्य कति होला ? पत्ता लगाउनुहोस् । ५

४. कुनै चुनावमा A र B दुईजना उम्मेदवारहरू थिए । उक्त चुनावमा कूल मतदाताको २ प्रतिशतले मतदानमा भाग लिएनन् र २०० मत बदर भयो । A ले कूल सदर मतको ५५ प्रतिशत मत ल्याई B ले भन्दा १९४० बढी मतसहित चुनावमा विजयी भयो भने मतदाता नामावलीमा कूल मतदाताको संख्या कति थियो ? पत्ता लगाउनुहोस् । ५

५. कुनै परीक्षामा ४० जना विद्यार्थीमध्ये ८ जना अनुत्तीर्ण भएछन् । अनुत्तीर्ण विद्यार्थीको औषत प्राप्ताङ्क २५ र सबै विद्यार्थीको कूल प्राप्ताङ्क २२८० भए उत्तीर्ण विद्यार्थीहरूको औषत प्राप्ताङ्क कति होला ? ५

## खण्ड "ग" : कार्यालय व्यवस्थापन र लेखा 	५० अङ्क

६. टिप्पणी (Tippani) को परिचय दिनुहोस् । टिप्पणी लेख्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ? लेख्नुहोस् । २+३=५

७. व्यवस्थापन सूचना प्रणाली (Management Information System) भनेको के हो ? अभ्यासमा देखिएका व्यवस्थापन सूचना प्रणालीहरूको उदाहरण दिनुहोस् । ३+२=५

८. नेपालमा गैर कर राजश्व (Non-Tax Revenue) अन्तर्गत के कस्ता श्रोतहरूबाट रकम प्राप्त हुन्छ ? उल्लेख गर्नुहोस् । ५

क्रमशः –

CamScanner

९. संगठनमा ग्राहक सम्बन्ध (Customer Relation) व्यवस्थापनको महत्त्वबारे उल्लेख गर्नुहोस् । ५

१०. बीमा व्यवसायमा बजार व्यवस्थापन (Marketing Management) को कार्यहरू उल्लेख गर्दै यसको महत्त्व लेख्नुहोस् । २.५+२.५=५

११. लेखापालनको चक्र (Accounting Cycle) भन्नाले के बुझिन्छ ? यसका चरणहरू (Steps) के के हुन् ? लेख्नुहोस् । २+३=५

१२. नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) को सामान्य परिचय दिँदै बीमा क्षेत्रमा उक्त मापदण्ड सम्बन्धी हालको अवस्था उल्लेख गर्नुहोस् । ५

१३. कार्यालयमा प्रभावकारी जिन्सी व्यवस्थापन (Effective Inventory Management) का लागि ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । ५

१४. नागरिक वडापत्र (Citizen Charter) भनेको के हो ? नेपालमा नागरिक वडापत्रको व्यवहारिक उपयोग भएको छ, छैन ? नागरिक वडापत्रलाई प्रभावकारी बनाउने उपायहरू सुझाउनुहोस् ।३+३+४=१०

:: समाप्त ::

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय बीमा संस्थान, चौथो, सहायक 'ख' पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।१२।१०

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, गणित र कार्यालय व्यवस्थापन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" : सामान्य ज्ञान

२०×२=४० अङ्क

१. नेपालमा नामाकरण गर्न बाँकी प्रदेशहरू उल्लेख गर्नुहोस् ।
२. साल्पा पोखरी र बाह्रकुने ताल कहाँ कहाँ अवस्थित छन् ?
३. रानीपोखरी र घण्टाघर कसले निर्माण गरेका हुन् ?
४. मुद्रा विनिमयको सन्दर्भमा बास्केट प्रणाली (Basket System) भनेको के हो ?
५. नेपालको कुल क्षेत्रफल मध्ये हिमाल, पहाड र तराई क्षेत्रले कति कति प्रतिशत भू-भाग समेटेको छ ?
६. Association of Insurers and Re-insurers in Developing Countries (AIRDC) को २१ औं सम्मेलन कुन देशमा भएको थियो र २२ औं कहाँ हुँदैछ ?
७. Association of Insurers and Re-insurers in Developing Countries (AIRDC) संस्थाका कुनै दुईवटा विशेषता लेख्नुहोस् ।
८. Bancassurance भन्नाले के बुझिन्छ ?
९. सन् २०१८ मा नोवेल शान्ति पुरस्कार क-कसले र के के प्रयोजनका लागि पाएका थिए ?
१०. सन् २०२३ मा हुने विश्व एथलेटिक्स प्रतियोगिताको आयोजक राष्ट्र कुन हो ?
११. IBRD र IDA को पूरारूप (Full form) लेख्नुहोस् ।
१२. एशियाली विकास बैंक (ADB) को "Board of Directors" मा कतिजना रहने व्यवस्था छ ?
१३. हालसम्म सार्क शिखर सम्मेलन (SAARC Summit) कतिवटा भएका छन् ? अन्तिम सम्मेलन (Summit) कहाँ भएको थियो ?
१४. अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund) का कुनै २ वटा मुख्य कार्यहरू लेख्नुहोस् ।
१५. चौधौं योजनाको सोँच (Vision) उल्लेख गर्नुहोस् ।
१६. नेपालको पहिलो त्रिवर्षीय योजना कुन आ.व. देखि शुरू भएर कुन आ.व. मा समाप्त भएको थियो ?
१७. नेपालको पहिलो बाणिज्य बैंक कुन हो र कहिले स्थापना भएको हो ?
१८. नेपालको संविधानमा कतिवटा धारा (Article) र अनुसूचीहरू (Schedules) रहेका छन् ?
१९. नेपालको संविधान अनुसार संशोधन गर्न नसकिने ४ विषयहरू कुन कुन हुन् ?
२०. नेपालका महानगरपालिकाहरूको सूची तयार गर्नुहोस् ।

## खण्ड "ख" : गणित

३० अङ्क

१. कुनै गाउँको जनसंख्या २०,००० मध्ये केही समयपछि पुरूषको संख्यामा १०% बढ्न गयो र महिलाको संख्या चाँहि ६% ले घट्न गयो तर कुल जनसंख्या भने उत्तिकै रह्यो भने महिला र पुरूषको शुरूको जनसंख्या पत्ता लगाउनुहोस् । ५

क्रमशः ...

CamScanner

२. ५ वटा संख्याहरूको मध्यक (Mean) २७ छ । यदि एउटा संख्या बाहेक यसको मध्यक (Mean) २५ हुन्छ भने हटाइएको संख्या निकाल्नुहोस् । ५

३. यदि P र Q ले कुनै काम १५ दिनमा सम्पन्न गर्न सक्छन् । P एक्लैले उक्त काम २४ दिनमा सम्पन्न गर्न सक्छ । दुबै जनाले सँगै काम शुरू गरेको ३ दिनपछि P ले काम छोडेछ भने Q लाई बाँकी काम सक्न कति दिन लाग्ला ? पत्ता लगाउनुहोस् । ५

४. शारदाले आफूले खरिद (Purchase) गरेको एउटा झोला १०% नाफा (Profit) लिएर विमलालाई बिक्री गरिन् । विमलाले उक्त झोला २०% नाफा (Profit) लिएर प्रतिभालाई बिक्री गरिन् । यदि प्रतिभाले उक्त झोला रू. १,३८६ मा खरिद गरेकी रहिछन् भने सो झोला शारदाले कति रूपैयाँमा खरिद गरेकी होलिन् ? पत्ता लगाउनुहोस् । ५

५. दिइएको चतुर्भुज (Quadrilateral) ABCD को क्षेत्रफल निकाल्नुहोस् । ५




६. एउटा चिडियाखानामा १० जातिका चराहरू रहेका छन् । प्रत्येक जातिका चराहरूको संख्या अघिल्लो जातिको भन्दा दोब्बर धेरै रहेको छ । यदि पहिलो जातिको चराको संख्या २ छ भने दशौं जातिको चराको संख्या र उक्त चिडियाखानामा रहेका जम्मा चराहरूको संख्या पत्ता लगाउनुहोस् । ५

## खण्ड "ग" : कार्यालय व्यवस्थापन 30 अङ्क

७. फाईलिङ्ग (Filling) भन्नाले के बुझिन्छ ? असल फाईलिङ्ग प्रणालीका गुणहरू लेख्नुहोस् । ५

८. जनशक्ति व्यवस्थापन (Human Resource Management) का कार्यहरू (Functions) के के हुन् ? उल्लेख गर्नुहोस् । ५

९. नाफा-नोक्सान हिसाब खाता (Profit and Loss Account) र वासलात (Balance Sheet) तयार पार्नुको उद्देश्यहरू (Objectives) स्पष्ट पार्नुहोस् । ५

१०. टिप्पणी (Tippani) लेखन भन्नाले के बुझिन्छ ? टिप्पणी लेखनमा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ? लेख्नुहोस् । ५

११. दर्ता भन्नाले के बुझिन्छ ? दर्ता गर्दा के कस्ता कुराहरू उल्लेख गर्नुपर्दछ ? प्रष्ट पार्नुहोस् । ५

१२. बैंक नगदी किताब (Bank Cash Book) बारे जानकारी गराउँदै यसको नमूना (Specimen) प्रस्तुत गर्नुहोस् । ५

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, चौथो, सहायक 'ख' पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।१२।११

पत्र : द्वितीय
समय : ३ घण्टा पूर्णाङ्क : १००

### विषय : सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" ६० अङ्क

१. बीमा (Insurance) भनेको के हो ? देशको आर्थिक स्थायित्व (Economic Stability) का लागि यसको महत्त्वबारे चर्चा गर्नुहोस् । ३+७=१०

२. नेपालमा जीवन बीमा (Life Insurance) बजारको स्थिति के कस्तो छ ? प्रष्ट पार्नुहोस् । १०

३. बीमा अभिकर्ता (Insurance Agent) को लागि आवश्यक पर्ने योग्यताबारे उल्लेख गर्नुहोस् । साथै, बीमा व्यवसायमा बीमा अभिकर्ताको भूमिका सम्बन्धी चर्चा गर्नुहोस् । ५+५=१०

४. बीमा समितिको काम, कर्तव्य र अधिकारका बारेमा प्रकाश पार्नुहोस् । १०

५. What is life insurance? Elaborate about the claims settlement process in life insurance business. 3+7=10

६. लघु बीमा (Micro-insurance) र सामाजिक बीमा (Social Insurance) का विशेषताहरू उल्लेख गर्दै नेपालमा यी बीमाको अभ्यासको बारेमा जानकारी गराउनुहोस् । ६+४=१०

### खण्ड "ख" ४० अङ्क

१. राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ ले सञ्चालक समितिको गठन र समितिको अधिकार सम्बन्धमा गरेको व्यवस्थाको बारेमा उल्लेख गर्नुहोस् । १०

२. बीमा नियमावली, २०४९ बमोजिम जीवन बीमा व्यवसायलाई कति प्रकारमा विभाजन गरिएको छ ? वर्णन गर्नुहोस् । १०

३. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएको बीमकको लेखापरीक्षण समिति (Insurer Audit Committe) को काम, कर्तव्य र अधिकारका सम्बन्धमा लेख्नुहोस् । १०

४. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को उद्देश्यहरू उल्लेख गर्नुहोस् । साथै यस ऐन बमोजिम सूचनाको वर्गीकरण सम्बन्धी के कस्तो व्यवस्था रहेको छ ? स्पष्ट पार्नुहोस् । ४+६=१०

:: समाप्त ::

CS CamScanner

लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, सहायक स्तर, चौथो, सहायक 'ख' पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।२१

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क १००

विषय : सामान्य ज्ञान, गणित र कार्यालय व्यवस्थापन

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड: "क"

७० अङ्क

**सामान्य ज्ञान** २०×२=४० अङ्क

१. नेपालका ८००० मिटरभन्दा अग्ला कुनै दुई हिमशिखरहरूको नाम र तिनको उचाइ लेख्नुहोस् ।

२. अन्तर्राष्ट्रिय मुद्रा कोष र एशियाली विकास बैंकको स्थापना कहिले भएको थियो ?

३. विप्रेषण भनेको के हो ?

४. मल्लकालमा सैनिकलाई के भनिन्थ्यो ?

५. संयुक्त राष्ट्रसंघका प्रमुख चारवटा अङ्गहरूको नाम लेख्नुहोस् ।

६. नेपालको वर्तमान संविधान बमोजिम संघीय व्यवस्थापिकामा प्रत्यक्ष निर्वाचन र समानुपातिक प्रणालीबाट कति कति जना सदस्य चुनिने व्यवस्था छ ?

७. चालु चौधौं योजनाले वार्षिक औसत आर्थिक वृद्धिदर कति प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ ?

८. नेपालका सतार जातिले बोल्ने भाषा कुन भाषा परिवारभित्र पर्छ ?

९. लिच्छविकालमा पञ्च अपराधको मुद्दा छिन्ने र दण्ड दिने निकायलाई के भनिन्थ्यो ?

१०. Hot Money भन्नाले के बुझिन्छ ?

११. आसियानको प्रथम शिखर सम्मेलन कहाँ भएको थियो ?

१२. एशियाली विकास बैंकका सदस्य राष्ट्रहरू कति ओटा छन् ?

१३. संयुक्त राष्ट्रसंघको स्थापना कहिले भएको हो ? यसको प्रधान कार्यालय कहाँ छ ?

१४. दिगो विकास (Sustainable Development) का लागि एजेण्डा २०३० को पाँचौ लक्ष्य के रहेको छ ?

१५. नेपाल राज्यलाई १४ अञ्चल र ७५ जिल्लामा कहिले विभाजन गरिएको थियो ?

१६. "देउनिया" भन्नाले कुन जातिको नाइकेलाई बुझिन्छ ?

१७. Association of Insurance and Re-insurance of Developing Countries (AIRDC) को उन्नाईसौ अन्तर्राष्ट्रिय सम्मेलन कहाँ भएको थियो ?

१८. नेपालमा आवधिक योजनाको अभ्यास कहिलेदेखि शुरू गरिएको हो ?

१९. वर्तमान् नेपालको संविधानको अनुसूची-९ मा के सम्बन्धी व्यवस्था गरिएको छ ?

२०. अन्तर्राष्ट्रिय मुद्रा कोषको वर्तमान् Managing Director को हुन् ?

**कार्यालय व्यवस्थापन** ६×५=३०

२१. पत्र दर्ता र चलानी गर्दा रजिष्टरमा के के कुराहरू उल्लेख हुनुपर्दछ ? लेख्नुहोस् । ५

२२. लेखाका सर्वमान्य सिद्धान्तहरू उल्लेख गर्दै संक्षेपमा व्याख्या गर्नुहोस् । ५

२३. जनशक्ति व्यवस्थापन भनेको के हो ? जनशक्ति व्यवस्थापनका चरणहरू उल्लेख गर्नुहोस् । ५

२४. गोश्वारा भौचर भन्नाले के बुझिन्छ ? नमूनासहित प्रष्ट पार्नुहोस् । ५

२५. अन्तिम हिसाब खाता भनेको के हो ? यो किन तयार गरिन्छ ? यसको महत्त्व लेख्नुहोस् । ५

२६. क्षतिपूर्ति सहितको नागरिक बडापत्रले सार्वजनिक सेवा प्रवाहलाई कसरी नागरिक मैत्री बनाउन मद्दत गर्छ ? उल्लेख गर्नुहोस् । ५

## खण्ड: "ख"

**गणित** ६×५=३० अङ्क

२७. यदि एउटा Arithmetic Series का प्रथम ९ पदहरूको योग ७२ र प्रथम १७ पदहरूको योग २८९ भए प्रथम २५ पदहरूको योग पत्ता लगाउनुहोस् । ५

२८. क) कुनै रकमको ब्याज १६% का दरले कति समयमा सॉवाको $\frac{४}{५}$ हुन्छ ? २.५

ख) कुनै स्कुलमा ७५० जना विद्यार्थीहरू छन् । यदि तिनीहरूमध्ये ४५ प्रतिशत छात्राहरू छन् भने त्यस स्कुलमा छात्रहरूको संख्या कति छ ? पत्ता लगाउनुहोस् । २.५

२९. एउटा घडीको अङ्कित मूल्य यसको क्रय मूल्यभन्दा २५% बढी छ । उक्त घडीलाई १५% छुट दिएर बेच्दा रू २०० नाफा हुन्छ भने उक्त घडीको अङ्कित मूल्य कति होला ? पत्ता लगाउनुहोस् । ५

३०. क) लम्बाइ ६ मिटर, चौडाइ ५ मिटर र उचाइ ४ मिटर भएको एउटा कोठाको चार भित्ताको क्षेत्रफल पत्ता लगाउनुहोस् । २.५

ख) एउटा आयतकार पोखरीको परिमिति १०० मिटर छ, यदि चौडाइभन्दा लम्बाइ १० मिटरले बढी छ भने त्यस पोखरीको क्षेत्रफल कति हुन्छ ? पत्ता लगाउनुहोस् । २.५

३१. एकजना मानिसले ३२ दिनमा सिध्याउने गरी एउटा काम ठेक्का लियो । उत्तिखेरै २८ जना मजदुर काममा लगायो । तर २४ दिनपछि २ तिहाइमात्र काम पूरा भएको रहेछ भने तोकिएको समयमा काम पूरा गर्न कति मजदुर थप्नुपर्ला ? हिसाब गर्नुहोस् । ५

३२. एउटा श्रेणी ५, २०, १०, X, १५, ३० को औसत १७ हुन्छ भने X को मान कति हुन्छ ? पत्ता लगाउनुहोस् । ५

:: समाप्त ::

CamScanner

# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, सहायक स्तर, चौथो, सहायक 'ख' पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७४।९।२२

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** **६० अङ्क**

१. बीमा दाबी भुक्तानी प्रक्रियामा रहेका जटिलताहरू स्पष्ट गर्दै यसमा सुधार ल्याउन के-कस्ता उपायहरू अपनाउन सकिन्छ ? उल्लेख गर्नुहोस् । १०

२. बीमाका आधारभूत सिद्धान्तहरू के के हुन् ? छोटकरीमा वर्णन गर्नुहोस् । १०

३. बीमा समितिको परिचय दिनुहोस् । साथै, बीमा क्षेत्रको नियमन र विकासमा बीमा समितिको भूमिका बारे प्रकाश पार्नुहोस् । ४+६=१०

४. छोटो टिप्पणी लेख्नुहोस् । ४×२.५=१०

क) अण्डरराईटिङ्
ख) पुनर्बीमा
ग) अग्नी बीमा
घ) बीमा अभिलेख

५. जोखिम भनेको के हो ? यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ? वर्णन गर्नुहोस् । १०

६. नेपालको राष्ट्रिय अर्थतन्त्रमा बीमा क्षेत्रको भूमिकाबारे उल्लेख गर्दै हालको बीमा बजारको स्थितिबारे चर्चा गर्नुहोस् । १०

**खण्ड "ख"** **४० अङ्क**

७. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले कस्लाई जनाउँछ ? साथै सार्वजनिक पद धारण गरेको व्यक्तिले पालना गर्नुपर्ने आचरणको बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् । १०

८. बीमा नियमावली, २०४९ बमोजिम निर्जीवन बीमाको दाबी भुक्तानी प्रक्रिया उल्लेख गर्नुहोस् । १०

९. बीमकको सुशासन सम्बन्धी निर्देशिका बमोजिम संचालकको आचरण सम्बन्धी व्यवस्थाबारे प्रष्ट पार्दै बीमकको हीत अभिवृद्धि गर्न के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् । १०

१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना प्राप्त गर्ने कार्यविधि उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, सहायक स्तर, चौथो, सहायक 'ख' पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७४।९।२२

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क १००

### विषय : सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" ६० अङ्क

१. बीमा दाबी भुक्तानी प्रक्रियामा रहेका जटिलताहरू स्पष्ट गर्दै यसमा सुधार ल्याउन के-कस्ता उपायहरू अपनाउन सकिन्छ ? उल्लेख गर्नुहोस् । १०

२. बीमाका आधारभूत सिद्धान्तहरू के के हुन् ? छोटकरीमा वर्णन गर्नुहोस् । १०

३. बीमा समितिको परिचय दिनुहोस् । साथै, बीमा क्षेत्रको नियमन र विकासमा बीमा समितिको भूमिकाबारे प्रकाश पार्नुहोस् । ४+६=१०

४. छोटो टिप्पणी लेख्नुहोस् । ४×२.५=१०

क) अण्डरराईटिङ्ग  ख) पुनर्बीमा
ग) अग्नी बीमा  घ) बीमा अभिलेख

५. जोखिम भनेको के हो ? यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ? वर्णन गर्नुहोस् । १०

६. नेपालको राष्ट्रिय अर्थतन्त्रमा बीमा क्षेत्रको भूमिकाबारे उल्लेख गर्दै हालको बीमा बजारको स्थितिबारे चर्चा गर्नुहोस् । १०

### खण्ड "ख" ४० अङ्क

७. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले कस्लाई जनाउँछ ? साथै सार्वजनिक पद धारण गरेको व्यक्तिले पालना गर्नुपर्ने आचरणको बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् । १०

८. बीमा नियमावली, २०४९ बमोजिम निर्जीवन बीमाको दाबी भुक्तानी प्रक्रिया उल्लेख गर्नुहोस् । १०

९. बीमकको सुशासन सम्बन्धी निर्देशिका बमोजिम संचालकको आचरण सम्बन्धी व्यवस्थाबारे प्रष्ट पार्दै बीमकको हीत अभिवृद्धि गर्न के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् । १०

१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना प्राप्त गर्ने कार्यविधि उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner